नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

आज मिति २०७८/०२/२१ गतेका दिन जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम) मा प्रमुख जिल्ला अधिकारी श्री बद्रीनाथ गैह्रे ज्यूको अध्यक्षतामा कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश,२०७८ को दफा १७ वमोजिमको जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को बैठक वसी तपशिलको उपस्थितिमा तपशिल वमोजिमका निर्णयहरु गरीयो ।

उपस्थिति:-

| | | |
|---|---|---|
| श्री बद्रीनाथ गैह्रे | प्र.जि.अ./अध्यक्ष | जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम) |
| श्री ध्रुव कुमार श्रेष्ठ | प्र.ना.उ./सदस्य | जि.प्र.का. रुकुम (पश्चिम) |
| श्री प्रेम सिंह धामी | स.प्र.ना.उ./ सदस्य | स.प्र.बल नं.४७ गुल्म रुकुम (पश्चिम) |
| श्री पवन जोशी | प्र.अ.अ./सदस्य | रा.अ.जि.का. रुकुम (पश्चिम) |
| श्री दिपेन्द्र बहादुर बुढा | सह-सेनानी/सदस्य | नरसिंह दल गण सल्ले |
| डा. श्री राजकुमार भुजेल | मेडिकल अधिकृत/सदस्य | स्वा.से.का. रुकुम (पश्चिम) |

आमन्त्रित उपस्थिति:-

| | | |
|---|---|---|
| श्री प्रेम कुमारी सुनार के.सी. | उप प्रमुख | मु.न.पा. रुकुम (पश्चिम) |
| श्री विष्णु वहादुर वुढाथोकी | नि.स्वा.से.व्य/~~सदस्य~~ | स्वा.से.का. रुकुम (पश्चिम) |
| श्री विनाराम खड्का | नि.प्र.प्र.अ. | मु.न.पा. रुकुम (पश्चिम) |
| श्री प्रमेश शिवा | स.प्र.जि.अ./~~सदस्य~~ | जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम) |
| श्री कालीवहादुर ओली | अ.स्वा.अ. | स्वा.से.का. रुकुम (पश्चिम ) |

मिति २०७८।०२।२१ गतेको जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) बैठकका

एजेण्डाहरु:

१. समीक्षा।

२. अध्यादेश कार्यान्वयन सम्बन्धमा।

३. आदेशलाई निरन्तरता दिने सम्बन्धमा।

४. परीक्षणको दायरा बृद्धि गर्ने सम्बन्धमा।

५. विविध।

निर्णयहरु:

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोभिड- १९ को दोस्रो लहर पश्चात यस जिल्लामा हालसम्म ४५४९ जनाको परीक्षण गर्दा १८१५ जना संक्रमित भएकोमा २५ जनाको मृत्यु भएको, ४६ जना जिल्ला तथा स्थानीय तहका अस्पतालहरुमा उपचाररत रहेको, ४२० जना होम आइसोलेशनमा रहेको र १२७३ जना उपचार पश्चात निको भएको, हाल जिल्लामा ४६६ जना सकिय संक्रमित रहेको देखिन्छ।कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि नेपाल सरकार, प्रदेश सरकारबाट भएका निर्णय कार्यान्वयन सँगै जिल्लाको आवश्यकता बमोजिम आवश्यक उपायहरु अवलम्बन हुँदै आएको छ। संक्रामक रोग ऐन, २०२० को दफा २ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।०१।१९ गते बिहान ६:०० बजेदेखि जारी आदेश विभिन्न पटक थप भई मिति २०७८।०२।२२ गते राती १२:०० बजेसम्म कायम रहेको छ। उपचार व्यवस्थापनका लागि जिल्लाका विभिन्न अस्पतालहरुमा क्षमता विस्तार, अक्सिजन व्यवस्थापन लगायत अन्य पूर्वाधार निर्माणका कार्यहरु गरिएको छ।रोकथाम तथा नियन्त्रणका लागि गरिएका विभिन्न प्रयासहरुका कारण हाल संक्रमणको दरमा केही कमी आएको देखिएको छ।संक्रमणलाई दरलाई थप नियन्त्रण गर्नका लागि हाल भइरहेका प्रयासहरुलाई निरन्तरता दिनुपर्ने आवश्यकता देखिन्छ।

२. कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचार सम्बन्धी कार्यलाई एकीकृत र व्यवस्थित गर्नका लागि जारी भएको कोभिड- १९ संकट व्यवस्थापन अध्यादेश, २०७८ लाई कार्यान्वयनमा ल्याई कोभिड-१९ रोकथाम, नियन्त्रण, निदान र उपचार सम्बन्धी कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउने।

३. जिल्लामा कोभिड-१९ को संक्रमण दरमा केही कमी आएको भएता पनि संक्रमणको उच्च जोखिम कायमै रहेको, मृत्युदर समेत उच्च रहेको, बढि संक्रामक र जोखिमयुक्त नयाँ भेरियन्ट फैलिन सक्ने हुँदा संक्रमणलाई थप फैलिन नदिनका लागि स्थानीय प्रशासनद्वारा जारी आदेशलाई कोभिड- १९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।०२।३१ गते राती १२:०० बजेसम्मका लागि निरन्तरता दिन सिफारिस गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

४. निषेधाज्ञाको अवधिमा अन्य व्यवस्था साविककै कायम गरी देहायको विषय देहाय बमोजिम गर्ने:

(क) बैंक तथा वित्तीय संस्थाहरु दैनिक १०:०० बजेदेखि २:०० बजेसम्म न्यूनतम कर्मचारी परिचालन गरी स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गराई सञ्चालन गर्ने। गाउँ गाउँमा गएर बचत संकलन तथा समूह बैठक जस्ता गतिविधिहरु सञ्चालन नगर्ने।

(ख) सरकारी कार्यालयहरुले ५० प्रतिशत कर्मचारी उपस्थित भई अत्यावश्यक कार्य, आन्तरिक प्रशासनिक कार्य, विकास निर्माणका कार्य, खाद्य, कृषि एवं पशुपन्छीसम्बन्धी कार्य तथा सो सम्बन्धी भुक्तानीका कार्यहरु गर्ने। जन-सम्पर्क हुने नियमित प्रकृतिका सेवाहरु सञ्चालन नगर्ने।

(ग) जनप्रतिनिधि, सरकारी तथा सार्वजनिक संस्थान अन्तर्गतका कार्यालयका कर्मचारी, बैंक तथा वित्तीय संस्थाका कर्मचारीले प्रयोग गर्ने सवारी साधनहरु सम्बन्धित कार्यालयले जारी गरेको परिचयपत्रका आधारमा सञ्चालन गर्ने।

(घ) स्थानीय तह अन्तर्गत सञ्चालन हुने सार्वजनिक निर्माण, कृषि तथा पशुपन्छी सम्बन्धी कार्यका लागि प्रयोग हुने साधनहरु सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले जारी गरेको अनुमति पत्रका आधारमा सम्बन्धित स्थानीय तहभित्र सञ्चालन गर्ने।

(ङ) सवारी साधन मर्मत गर्ने वर्कशपहरु स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण रुपमा पालना गराई राती ९:०० बजेदेखि बिहान ९:०० बजेसम्म सञ्चालन गर्ने।

५. निषेधाज्ञा जारी भई मानिसहरुको आवतजावतमा नियन्त्रण गरिएको यस अवधिमा संक्रमितहरुको पहिचान तथा उपचार कार्यलाई प्राथमिकता दिनको लागि Contract tracing लाई थप प्रभावकारी बनाई परीक्षणको दायरा बृद्धि गर्ने । यस कार्यको लागि स्थानीय तहहरुले उपलब्ध स्वास्थ्यकर्मीलाई गाउँगाउमा परिचालन गर्ने र आवश्यकतानुसार जिल्ला स्वास्थ्य कार्यालयले समेत स्थानीय तहहरुसँग समन्वय गरी परीक्षणका लागि टोली परिचालन गर्ने ।

६. जिल्लाका विभिन्न निकाय तथा संघसंस्थाबाट सञ्चालित एम्बुलेन्सहरुले मनोमानी रुपमा भाडा लिने गरेको भन्ने गुनासो आएको सन्दर्भमा उक्त गुनासो सम्बोधन गर्न, एम्बुलेन्सहरुको भाडादरमा एकरुपता कायम गर्न उपयुक्त भाडादर सिफारिस गर्न तथा एम्बुलेन्स व्यवस्थापनका सम्बन्धमा अन्य सुझाव सिफारिस गर्ने कार्यका लागि देहायबमोजिमको समिति गठन गर्ने। उक्त समितिले सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरी ७ दिनभित्र प्रतिवेदन पेश गर्ने ।

(क) सहायक प्रमुख जिल्ला अधिकारी श्री प्रमेश शिवा– संयोजक

(ख) श्री बिष्णु बहादुर बुढाथोकी प्रमुख स्वास्थ्य सेवा कार्यालय – सदस्य

(ग) प्र.नि. कपिल शाही श्री जिल्ला प्रहरी कार्यालय – सदस्य

(घ) श्री घनश्याम शर्मा इन्जिनियर जिल्ला समन्वय समितिको कार्यालय - सदस्य

(ङ) एम्बुलेन्स सञ्चालक मध्येबाट नेपाल रेडक्रस सोसाइटी रुकुम शाखाको प्रतिनिधि- सदस्य

(च) अध्यक्ष जिल्ला एम्बुलेन्स चालक एशोसियन - सदस्य

२

७. कोभिड-१९ महामारीको यस विषयम परिस्थितिमा संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि अहोरात्र खटिने चिकित्सक लगायतका सम्पूर्ण स्वास्थ्यकर्मी प्रति उच्च सम्मान व्यक्त गर्दै थप उच्च मनोवलका साथ आफ्नो कर्तव्य निर्वाह गर्न अनुरोध गर्ने। यस कार्यमा खटिने जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी लगायत यस कार्यमा सहयोग पुऱ्याउने सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दै थप क्रियाशील भई लाग्न अनुरोध गर्ने। साथै स्थानीय प्रशासनद्वारा जारी आदेशको संयमतापूर्वक पालना गरी सहयोग पुऱ्याउने सम्पूर्ण पेशा व्यवसायी, जिल्लाबासी आम नागरिक लगायत सबैमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा समेत आदेश कार्यान्वयनमा सहयोग पुर्याउन अनुरोध गर्ने।